# नीति तथा कार्यक्रम,२०८०/०८१

तुम्बेवा गाउँ कार्यपालिकाबाट सिफारिस मितिः २०८०/०३/०९
तुम्बेवा गाउँपालिका, पाँचथरको तेह्रौं गाउँसभामा पेश गरेको मितिः २०८०/०३/१०
तुम्बेवा गाउँपालिका, पाँचथरको तेह्रौं गाउँसभाबाट स्वीकृत मितिः २०८०/०३/१०

## तुम्बेवा गाउँपालिका, पाँचथर

कोशी प्रदेश, नेपाल

प्रस्तुतकर्ताः
बाबुराम खड्का
अध्यक्ष

जय तुम्बेवा

बाबुराम खड्का
अध्यक्ष

# तुम्बेवा गाउँपालिका, पाँचथरको नीति तथा कार्यक्रम, २०८०/०८१

सभाका सम्पूर्ण सदस्यज्यूहरु,

गाउँपालिकाको अध्यक्षको हैसियतले यो तेह्रौं गाउँ सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले सौभाग्यशाली ठानेकोछु। विभिन्न तह तप्कामा रहेर प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा देश तथा विदेश रहनुहुने एघार हजार एकसय उनान्नब्बे तुम्बेवा गाउँपालिकावासीहरु प्रति यस विशेष घडिमा उच्च सम्मान व्यक्त गर्दै सम्झन चाहन्छु । गाउँपालिकावासी आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरुबाट यस गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम तर्जुमाको क्रममा दिनुभएको सल्लाह सुझाव प्रति हार्दिक आभार व्यक्त गर्दछु साथै यो गरिमामय गाँउ सभा मार्फत सम्पूर्ण महानुभाव प्रति सम्मान व्यक्त गर्दै उपस्थित हुनुभएका गाउँ सभाका सदस्यहरु, राष्ट्रसेवक कर्मचारीहरु साथै उपस्थित सम्पूर्णमा कृतज्ञता ज्ञापन गर्दछु ।

लोकतन्त्र प्राप्तिको लागि विभिन्न आन्दोलनको कालखण्डमा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने संकल्प सहित गाउँपालिकावासीको समृद्धिको चाहाना, निर्वाचनका क्रममा अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्न नीति तथा कार्यक्रमलाई केन्द्रित गरेको छु । आ.ब. २०८०/०८१ को नीति तथा कार्यक्रम मार्फत गुणस्तरिय पूर्वाधार निर्माण गर्दै स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी तथा दिगो स्थानीय विकास मार्फत समृद्ध गाउँपालिका र जनताको समृद्धिको लक्ष्य हासिल गर्न साझेदारी विकासका लागि सार्वजनिक निजी तथा समुदायको सहकार्यद्वारा पुरा गर्ने अठोट लिएको छु। गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने सन्दर्भमा तत् अनुसारको पुर्वाधारको निर्माण गर्दै स्वच्छ, सफा, सुन्दर र समृद्ध गाउँपालिकाको पहिचान कायम राख्ने योजनाबद्ध शहरीकरणका साथै गुणस्तरीय शिक्षा, स्वास्थ्य, भौतिक संरचना साथै उत्पादन र उत्पादकत्व वृद्धी गरी रोजगार र आत्मनिर्भरता उन्मुख गराउन नीति तथा कार्यक्रमको प्रमुख प्राथमिकता हुने अपेक्षा लिएको छु ।

## विद्यमान परिवेश:

युक्रेन र रसिया बिचको युद्धले निम्त्याएको विश्वव्यापी आर्थिक मन्दीले नेपाल पनि अछुतो रहन नसकेको कारण संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्नगई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।

नेपालको जनसाङख्यिक लाभ लिदै अल्पविकसित मुलुकबाट विकासशील मुलुकको श्रेणिमा विस्तार हुने क्रममा हरेक दिन २ हजार देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी तुम्बेवाबासी सबैलाई गम्भीर बनाएकोछ । उब्जाउ खेतबारी बाँझो हुन पुगेको सन्दर्भमा

जय तुम्बेवा

बाबुराम खड्का

युवालाइ देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस बिषम परिस्थितिमा हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अघि बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी "सभ्य र समृद्ध तुम्बेवा" को मुल लक्ष्य हासिल गर्ने जिम्मेवारी पुरा गर्नको लागि गाउँपालिकामा स्थानीय आर्थिक तथा सामाजिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन तुम्बेवा गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य रहेकोले गाउँपालिकाबाट प्रवाह हुने हरेक कार्यहरुलाई विद्युतीय सुशासन प्रणालीको प्रभावकारी प्रयोग गरी सेवा प्रवाहमा व्यापक सुधार ल्याउनु पर्ने आवश्यकता देखिन्छ ।

## विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

### विद्यमान अवसरहरू:

१। संविधानद्वारा अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२। आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानुन तथा योजना तर्जुमाको अभ्यास हुनु ।
३। विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४। गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५। सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

### विद्यमान चुनौतीहरू:

१। रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२। बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३। गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
४। युवा जनशक्तिलाई कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
५। शिक्षा प्रणालीलाई रोजगार उन्मुख र सिप युक्त बनाउनु ।
६। व्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
७। वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।
८। निर्माण भएको पूर्वाधारको मर्मत सम्भार पद्धतिको विकास गर्नु ।
९। भिरालो ठाउँ, बाढी पहिरो तथा डुबान लगायतका प्रकोपको उच्च जोखिम भएका बस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।
१०। अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ती विकास गर्नु।

जय तुम्बेवा

११. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भू-उपयोग योजना तर्जुमा गरी लागु गर्नु ।

१२. सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु ।

१३. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थको मापदण्ड अवलम्बन गराउनु ।

१४. विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचनाको लगत तयार गर्नु, मुल्याङ्कन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना तयार गरी कार्यान्वयन गर्नु ।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू:

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागु गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्धौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी व्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारीहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो साथै आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागिता एवम् जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राखि शासकीय प्रवन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवम् स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिनेछ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन (O&M) सर्भेक्षणलाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवम् चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी बनाइनेछ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवम् वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवम् उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिनेछ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शितार जवाफदेहीतालाई जोड दिइनेछ ।

बाबुराम खड्का
अध्यक्ष

जय तुम्बेवा

## चालु आ.व. को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण:

### सडक यातायात र भवन क्षेत्रमा भएका उपलब्धी:

यसगाउँपालिकामा हालसम्म ४०० मिटर पक्की ढलान,३ किलोमिटर ग्राभेल सडक, १० किलोमिटर विभिन्न स्थानमा ढुङ्गाको सोलिङ, ३५० किलोमिटर धुले कच्चीसडक निर्माण सम्पन्न भएको छ। गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेकोछ साथै टोल तथा बस्तिहरुमा समेत गाडी चल्ने सडक पूर्वाधार विस्तार भईरहेको छ ।गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाई सुदृढ गर्दै लगिएको छ। यस गाउँपालिकालाई जोड्ने सावाँ खोलामा २ वटा पक्की पुल निर्माण भइसकेको छ। गाउँपालिकाको प्रशासकीय भवन निर्माणको अन्तिम चरणमा रहेको साथै वडा नं. २ को वडा कार्यालय भवन निर्माण सम्पन्न भएको, मौवा बजार र जोरसल्ले बजार क्षेत्रमा पक्की सडक ढलानको काम भइरहेको छ ।मौवा बजार क्षेत्रको सौन्दर्यको लागि स्टेण्ड सहितको गमला राखे काम भइरहेको छ ।गाउँपालिका अन्तर्गतका लगभग ८० प्रतिशत घरधुरीमा विद्युतको पहुँच पुगेको अवस्था छ । गाउँपालिकाको सामुदायीक भवन निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ

### खानेपानीको क्षेत्रमा भएका उपलब्धी:

गाउँपालिका क्षेत्र भित्र खानेपानीको सहज आपुर्तिको लागि आवश्यक ठाउँहरुमा खानेपानी ट्याङ्की निर्माण तथा पानीको स्रोतहरुको संरक्षण गर्दै लगिएको छ ।

### सिँचाइको क्षेत्रमा भएका उपलब्धी:

यस आ.ब.मा गाउँपालिकाको २० प्रतिशत लागत साझेदारीमा विभिन्न वडामा जम्मा १० वटा मुख्य सिँचाइ र २ वटा लिफ्ट सिँचाइ कुलो निर्माण सम्पन्न भई ११५ हेक्टर जमिनमा सिँचाइ सुविधा प्राप्त भएकोछ ।

### सामाजिक विकासको क्षेत्रमा भएका उपलब्धी:

गाउँपालिकामा प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैङ्किङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएकोछ।श्री इन्द्राणी माध्यमिक विद्यालयको एक ४ कोठे र एक २ कोठे , सरस्वति आधारभुत विद्यालयको एक ४ कोठे गरी ३ वटा भवन निर्माणाधीन अवस्थामा रहेको तथा श्री बालशिखर र सिंहकाली आधारभूत विद्यालयको २ वटा भवन निर्माण भइसकेको छ । विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ ।युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान तथा कभर्डहल निर्माण सम्पन्न हुने चरणमा रहेकोछ।

बाबुराम खड्का
अध्यक्ष

## सुशासन तथा संस्थागत विकास क्षेत्रमा भएका उपलब्धी:

गाउँपालिकाले ९ वटा ऐन, २२ वटा नियमावली/कार्यविधि राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याएकोछ । यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ६६ प्रतिशत अङ्क प्राप्त गरेको छ ।

## आगामी आ.व. २०८०/०८१ को प्रमुख नीति तथा कार्यक्रमहरू:

सभाका सदस्यज्यूहरु

अब म आ. ब. २०८०/०८१ को विभिन्न विषयगत एवम् क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

- "मेरो पालिका मै बनाउछु" भन्ने मूल अभियान अन्तर्गत गाउँपालिका अध्यक्षको नेतृत्वमा वृहत जनश्रमदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- वन चरनमा रहेका पशुहरु र वनैया जीवजन्तुले समेत पानीको उपभोग गर्ने गरी पूर्खाहरुले सिर्जेका ऐतिहासिक आहालहरुलाई पोखरीको रुपमा विकास गर्दै मौजुदा अवस्थामा रहेका बर-पिपलहरुको संरक्षण गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण हाटबजारहरुलाई क्रमशः व्यवस्थित गरिनेछ ।
- वडाका सदरमुकामका बजारहरुलाई क्रमशः ढलान गरी आसपासमा गमला राख्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### शिक्षा सम्बन्धी नीति तथा कार्यक्रम:

१. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर र नियमन एवम् प्रवर्धन गरिने छ।

२. गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ।

३. विद्यालय बाहिर रहेका र बिचैमा विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

४. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभूत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

५. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा आवश्यक सहयोग गरिनेछ।

६. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा अनुभवलाई उपयोग गरिनेछ।

७. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिनेछ ।

जय तुम्बेवा

बाबुराम खड्का
अध्यक्ष

८. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवम् शिक्षक व्यवस्थापन गरिनेछ।

९. "उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन सहकार्य र साझेदारी गरिनेछ।

१०. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

११. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

१२. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित शिक्षकको खातामा जम्मा हुने प्रणाली लागु गरिनेछ।

१३. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थापन, शैक्षिक पात्रो व्यवस्थापन, अद्यावधिक स्रोत व्यवस्थापन, विद्यालय-अभिभावक बिचको सञ्चार व्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।

१४. शिक्षा ऐन, नियम अनुसार गाउँपालिका भित्र रहेका सम्पूर्ण शिक्षक कर्मचारीहरुको विद्यालय समय १० बजे देखि ४ बजे सम्मलाई पूर्ण रुपमा पालना गर्ने गरी नियमित रुपमा अनुगमन गर्ने नीति अवलम्बन गरिनेछ ।

१५. सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षक कर्मचारीहरुले विद्यालय समयमा अनिवार्य रुपमा विद्यालय पोसाक लगाउनु पर्ने नीति अवलम्बन गरिनेछ ।

१६. शैक्षिक गुणस्तर सुदृढीकरणको लागि सिकाइ प्रक्रियामा अनिवार्य रुपमा शैक्षिक सामग्रीको प्रयोग, विद्यार्थी केन्द्रित शिक्षण विधि, कक्षा कार्य, गृह कार्य जस्ता क्रियाकलापहरुमा विशेष ध्यान दिने नीति अवलम्बन गरिनेछ ।

१७. विद्यार्थीको नियमित मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गराउन एकाइ परीक्षा, साप्ताहिक परीक्षा तथा मासिक परीक्षाका क्रियाकलापहरुलाई लागु गरिनेछ ।

१८. शैक्षिक गुणस्तरमा वृद्धि गरी विद्यार्थीहरुको शैक्षिक अवस्थामा सुधार ल्याउने विद्यालय, शिक्षक र विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम लागु गरिनेछ ।

१९. सङ्घीय सशर्त अनुदानबाट प्राप्त हुने विद्यालय दिवा खाजा कार्यक्रममा हरेक दिन फरक खाजा, स्थानीय उत्पादनमा अनिवार्यता भन्ने नीति लागु गरिनेछ ।

२०. गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको विद्यालय पोसाकमा एकरुपता ल्याउने नीति अवलम्बन गरिनेछ ।

बाबुराम खड्का
अध्यक्ष

## संस्कृति सम्बन्धी  नीति तथा कार्यक्रम:

१. गाउँपालिकालाई बहुसांस्कृतिक सङ्ग्रहालयको रुपमा विकास गर्न विभिन्न भाषा, लिपी, काला, साहित्य आदिको संरक्षण र संवर्धन गर्ने नीति लिइनेछ।

## युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम:

गाउँपालिकाले युवा उद्यमशीलता विकास गरी दुर्व्यसनलाई नियन्त्रण गर्दै निरोधात्मक, प्रवर्धनात्मक र उपचारात्मक कार्यक्रमको सञ्चालनबाट दुर्व्यसन मुक्त गराई दिगो व्यवस्थापन गर्दै लाने नीति अनुरुप खेलकुदका पूर्वाधार निर्माण तथा मर्मत सम्भार र युवामा विदेश हैन बिजिनेस भन्ने भावनाको विकास गरी स्वरोजगारउन्मुख गराउन तथा सिपमूलक तालिमको प्रवन्ध गरी क्षमता अभिवृद्धि गर्न गौरवका खेल आयोजनामा साझेदारी र सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ। गाउँपालिकाबाट अध्यक्ष कप खेल प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

### क. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण कायम गर्ने नीति अवलम्बन गरिनेछ।
२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहीन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु सञ्चालन गरिनेछ।
३. ऐतिहासिककाल देखि दलित तथा शिल्पी समुदायले जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्ने नीति लिइनेछ।
४. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
५. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान सञ्चालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
६. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।
७. महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।
८. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम सञ्चालन गरिनेछ।
९. गाउँपालिका तथा वडास्तरीय बालक्लव सञ्जाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
१०. प्राथमिकताको आधारमा बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

### ख. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न आधारभूत अस्पताल एवं आधारभूत स्वास्थ्य केन्द्र



गाउँपालिकाको कार्यालय मौवा, पाँचथर कोशी प्रदेश नेपाल

स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापना सेवालाई सहज र नियमित बनाइनेछ ।

२. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइनेछ।

३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परिक्षण गर्ने तथा स्वास्थ्य शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

४. बर्थिङ्ग सेन्टर र स्वास्थ्य क्लिनिकहरुको सेवाको स्तरोन्नति गरी प्रयोगशाला सहितको सेवा निरन्तर उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिनेछ।

५. सुत्केरी र अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य जाँच र उपचारका लागि अस्पताल ल्याउन-लैजान निःशुल्क एम्बुलेन्स सेवाको निरन्तरता गरिनेछ।

६. महिला स्वास्थ्य स्वयम् सेविकाहरुको सेवाको उच्च कदर गर्दै प्रोत्साहनभत्तालाई निरन्तरता दिइनेछ।

७. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था, निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

८. निजी स्वास्थ्य क्लिनिकहरुले प्रदान गर्ने आधारभूत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।

९. स्वास्थ्य संस्थाहरुमा ल्याब सेवा सञ्चालनका लागि केमिकल र अन्य उपकरणको व्यवस्था गरिनेछ।

१०. गर्भवती तथा सुत्केरीहरुलाई पोषण झोला सहित प्रोत्साहन गरी संस्थागत सुरक्षित सुत्केरी सेवा लिन प्रेरित गरिनेछ।

११. आम नागरिकहरुको लागि ९८ प्रकारका निःशुल्क औषधी वितरण गर्ने व्यवस्था गरिनेछ ।

१२. स्वास्थ्य क्षेत्रका कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

१३. ५ बर्ष मुनिका बालबालिकाहरुले पाउनु पर्ने स्वास्थ्य सेवाको सुनिश्चित गरिनेछ साथै ५ बर्ष मुनिका बालबालिकाले पुरा गर्नु पर्ने सम्पूर्ण खोपहरुको यकिन गरी पूर्ण खोप सुनिश्चित गरिनेछ ।

१४. बहुक्षेत्रीय पोषण नीति अवलम्बन गरी पोषण विशेष र पोषण संवेदनशील कार्यक्रम सञ्चालन गरिनेछ।

१५. क्षयरोगको सक्रिय खोजपडताल गरी बिरामीहरुलाई उपचारको दायरामा ल्याइनेछ ।

१६. आम नागरिकहरुले कोभिड १९ खोप पाएको सुनिश्चित गरिनेछ ।

१७. अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

बाबुराम खड्का
अध्यक्ष

जय तुम्बेवा

## आयुर्वेद सम्बन्धी नीति तथा कार्यक्रम:

१. स्वास्थ्य जीवन कार्यक्रम: रोग लागेर उपचार गर्नु भन्दा रोग लाग्नै नदिनु उत्तम हुने हुदा रोग लाग्न नदिनको लागि स्वस्थ जीवनशैलिको बारेमा जनमानसमा सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

२. पाँच वटै वडामा योगको प्रचारप्रसार, अभ्यास गराई दीर्घरोग सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ ।

३. नागरिक आरोग्य कार्यक्रम अन्तर्गत "मेरो स्वास्थ्य मेरो जिम्मेवारी" भन्ने नारालाई सार्थक तुल्याउन स्वस्थ जीवनशैलीको बारेमा नागरिकलाई सूचित गराई निरोगी नेपाल अभियान" लाई अघि बढाउन कार्यक्रम सञ्चालन गरिनेछ ।

४. विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम मार्फत जीवनशैली सम्बन्धी चेतना तथा स्थानीयस्तरमा प्राप्त हुने जडिबुट्टीको उपयोगीताको बारेमा चेतनामुलक कार्यक्रम र विद्यालयमा आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

५. स्तनपाई आमालाई मातृशिशु सुरक्षा, दुग्धवर्धक जडिबुटीजन्य औषधी कार्यक्रम मार्फत मातृशिशु स्वास्थ्य र स्तनपानको महत्त्व बुझाई आमा र बच्चाको स्वास्थ्य सुधार गर्न चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. ज्येष्ठ नागरिकका लागि स्वास्थ्य प्रवर्द्धक सेवा र पूर्वकर्म कार्यक्रमबाट आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा लिने नागरिकहरुको नियमित रुपमा स्वास्थ्य जाँच तथा सेवा उपलब्ध गरिनेछ ।

## सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी नीति तथा कार्यक्रम:

१. व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र नै गराउनको लागि स्वास्थ्य संस्थबाट गरिने बर्थ रिपोर्टिङ्ग सिस्टम अनलाईन गरिने र जनस्तरमा विभिन्न माध्यमबाट सूचना प्रचारप्रसार गरिनेछ ।

२. वडा कार्यालबाट टाढा रहेका, दलित, पिछडिएको वर्गलाई सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ताको महत्व र आवश्यकताको बारेमा वडास्तरमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३. सामाजिक सुरक्षा भत्तालाई परदर्शी र डिजिटल बनाउन EFT प्रणाली सञ्चाल, मोबाइल बैङ्किङ, ए.टि.एम कार्डको व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ ।

४. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरणमा सबैको पहुँच पुग्ने गरी गाउँपालिकाको वेबसाइटमा त्रैमासिक, अर्धबार्षिक र बार्षिक रुपमा राखिनेछ ।

५. आफ्नो व्यक्तिगत घटना दर्ता आफैले गरौं/गराउँ भन्ने नाराका साथ पब्लिक पोर्टल सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

६. सामाजिक सुरक्षा भत्ता लिन नचाहेर स्वघोषणा गर्ने व्यक्तिहररुको लागि सम्मान सहित प्रमाणपत्रको व्यवस्था गरिनेछ ।

बाबुराम खड्का
अध्यक्ष

जय तुम्बेवा

## आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रमः

२.१ स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याउन स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको पहिचान गरी वस्तु वा सेवाहरूको समग्र मूल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र र सहकारी (समुदाय) समेतको सहकार्यमा आर्थिक विकास योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

२.२ स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र व्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ एवं स्थानीय तहमा व्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले निजी क्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय) समेतको सहभागिता रहने गरी एक स्थानीय आर्थिक विकास सम्वाद मञ्च गठन गरिनेछ ।

## उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रमः

१. औद्योगिक तथा व्यावसायिक विकासका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
२. उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रक्रियालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।
३. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ।
४. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका लागि तुम्बेवा गाउँपालिका अन्तर्गतका सबै वडाहरुको सङ्गम स्थल हात्तीकिच्चेमा वी.पी.स्मृती पार्क र शहिद पार्कको निर्माणि तथा विस्तार कार्यक्रमहरु सञ्चालन गरिनेछ।
५. यस गाउँपालिका र अन्य गाउँपालिकाको सहकार्यमा नेपाल पर्यटन बोर्ड समेतको लगानीमा नयाँ पूर्वाधार निर्माण गरिनेछ।
६. विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्धन गरिनेछ।
७. मुख्य स्थान, चोक र गाउँपालिका प्रवेशद्वारमा पर्यटकीय क्षेत्रको परिचयात्मक तस्विरहरु राखिनेछ।
८. गाउँपालिका वडा नं. ३ स्थित ऐतिहासिक पञ्चमी हटिया लगायतका हाट बजारहरुलाई व्यवस्थित गर्दै लगिनेछ ।

बाबुराम खड्का
अध्यक्ष

## कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रमः

१. गाउँपालिकावासी आम कृषकहरुको खाद्य सुरक्षाको नीति अवलम्बन गरिनेछ ।
२. निःशुल्क रुपमा उन्नत जातका विउ वितरण गरी मौसमी तथा बेमौसमी खेती प्रणालीलाई सुदृढ गर्दै लगिनेछ ।
३. IPM कार्यक्रम मार्फत कृषकको उत्पादनको उत्पादकत्वमा वृद्धि गर्ने कार्यक्रम अवलम्बन गरिनेछ ।
४. माटो परिक्षण कार्यक्रम संचालन गरी कृषि ज्ञान केन्द्रसँगको समन्वयमा भूगोल सुहाउँदो व्यावसायिक फलफूल खेति गर्न लिची, आँप, किवी, कागती, सुन्तला, दाँते ओखर, मेवा आदि जस्ता फलफूलका विरुवा एक घर कम्तिमा १० बोट रोप्ने कार्यक्रम कार्यान्वयन गरिनेछ ।
५. कृषिमा अनुदानका कार्यक्रमहरु प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न गाउँपालिका भित्र रहेका कृषि फर्म, समूह र सहकारीहरुको स्तरोन्नति गर्दै व्यावसायिक रुपमा फर्म सञ्चालन गर्ने उत्कृष्ट फर्म, समूह, संस्था र सहकारीहरुलाई पुरस्कृत गर्दै लगिनेछ ।
६. गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेको खाली कानुन बमोजिम प्रयोग गर्न मिल्ने जग्गालाई कृषि प्रयोजनको लागि उपयोग गरिने नीति अवलम्बन गरिनेछ ।
७. उच्च मूल्यका फलफूल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी व्यावसायिक कृषि कार्यक्रम सञ्चालन गरिनेछ।
८. रैथाने बालीहरुको बिउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइनेछ।
९. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यावसायिकरण गरिनेछ।
१०. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवम् विस्तृत तथ्याङ्क निर्माण गरिनेछ।
११. उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेषण गर्दै विचौलियाबाट उत्पादक माथि हुने ठगी नियन्त्रणको लागि मुख्य कृषि उपजको गाउँपालिका भित्र समर्थनमुल्य निर्धारण गरिनेछ।
१२. व्यावसायिक कृषि पकेट क्षेत्रमा सिँचाई, कृषि सडक, विद्युतीकरण, कृषि बजार, शीतभण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गर्न आवश्यक अध्ययन सुरु गरिनेछ।
१३. स्वास्थ्य मापदण्डमा आधारित मासु पसल तथा वधशालाहरुको पूर्वाधार स्तरोन्नती गर्ने व्यवस्था मिलाइनेछ ।
१४. तरकारी उत्पादनको लागि व्यावसायिक, करेसावारी, बगरखेती र सामूहिक खेतीको लागि तालिम, प्रविधि र लगानीको व्यवस्था सहितको नमूना कार्यक्रम सञ्चालन गरिनेछ ।
१५. पशुपन्छी पालक कृषकहरुलाई निःशुल्क रुपमा औषधी उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
१६. पशुपन्छीमा लाग्ने विभिन्न माहामारीजन्य रोगहरुको नियन्त्रणका लागि निःशुल्क खोपको व्यवस्था गरिनेछ ।

१७. पशुपन्छी पालक कृषकहरुलाई प्रोत्साहनको लागि स्थलगत रुपमा नै घुम्ती तालिम सेवा उपलब्ध गराइनेछ ।

१८. पशुपन्छीको नश्ल सुधारको लागि निःशुल्क रुपमा कृत्रिम गर्भाधान सेवा साथै उन्नत जातका घासँका बिउ तथा वेर्ना वितरण गरिनेछ ।

१९. आकस्मिक रोग नियन्त्रणको लागि खोप तथा औषधिको व्यवस्था मिलाइने छ ।

२०. गाउँपालिका भित्र शिक्षा, स्वास्थ्य लगायतका महत्वपूर्ण क्षेत्रमा आवश्यक नीति निर्माणको लागि गाउँपालिकास्तरीय एक विज्ञ समिति गठन गरीनेछ ।

## सहकारी सम्बन्धी नीति तथा कार्यक्रमः

१. गाउँपालिका क्षेत्र भित्रका सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गरिनेछ साथै उत्पादनमुलक र रोजगारी सिर्जना गर्ने लगानीलाई प्रोत्साहन गरी संस्थागत सुशासनको लागि अनुगमन प्रणालीलाई प्रभावकारी बनाईनेछ ।

२.गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्यक्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित गरिनेछ।

३.सहकारीहरुको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरुको पुँजी सङ्कलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४.कृषि लगायत विषयगत सहकारीलाई सम्बन्धित क्षेत्रमा केन्द्रित भै लगानी गर्न प्रेरित गरिनेछ।

## रोजगार सम्बन्धी नीति तथा कार्यक्रमः

१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अघि बढाउन सामुदायिक आयोजनामा गाउँपालिकाकाको लागत साझेदारी गरिनेछ । वडास्तरमा समेत लागत साझेदारी गरी रोजगारी सिर्जना र भौतिक पूर्वाधार समेतको विकास गरिनेछ ।

२. स्थानीयस्तरमा रोजागारीको प्रवर्धनको लागि सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गरि रोजगारी सिर्जनामा जोड दिइनेछ । बेरोजगार व्यक्तिको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा अध्यावधिक गरिनेछ ।गाउँपालिका भित्र उलब्ध रोजागारीका अवसरहरुको पहिचान गरी सबैको जानकारीको लागि सूचना प्रवाह गरिनेछ ।

३. गाउँपालिकाको रोजगार रणनीति निर्माण गरी आन्तरिक रोजगारी सिर्जना गर्न पहल गरिनेछ ।

४. रोजगार संवाद मञ्चको माध्यमबाट सरोकारवालाहरु सँग थप समन्वय गरिनेछ ।

५. वैदेशिक रोजगारीबाट फर्किएकाहरुको सिप र क्षमताको स्थानीयस्तरमा नै प्रयोग गर्न आवश्यक नीति तर्जुमा गरिनेछ र सिप विकास तालिम सञ्चालन गरिनेछ ।

जय तुम्बेवा

६. बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिलाई प्रभावकारी रुपमा कार्यान्वियन गरिनेछ । बैदेशिक रोजगार सम्बन्धी अभिलेख र परामर्श सेवा सञ्चालन गरिनेछ ।
७. सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकताको आधारमा सार्वजनिक विकास निर्माणको काममा न्यूनतम १०० दिनको रोजगारी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत उपलब्ध गराइनेछ ।
८. श्रमको सम्मान राष्ट्रको अभियान अन्तर्गत युवा तथा शैक्षिक बेरोजगारहरुलाई प्राथमिकतामा राखि रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
९. रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

## लघु उद्यम विकास सम्बन्धी नीति तथा कार्यक्रमः

स्थानीय माग र आवश्यकताको आधारमा हालको विद्यमान बजार प्रतिस्पर्धालाई धान्ने उद्यम व्यावसायको पहिचान र सम्भाव्यतालाई परम्परागत ज्ञान, सीप, अनुभव, क्षमताको आधारमा प्रविधिहरुको संरक्षण, नवप्रवर्धन र विस्तार गरी नयाँ उद्यमीको सिर्जना र स्तरोन्नति गर्ने लघुउद्यम विकास कार्यक्रम सञ्चालन र कार्यान्वयन गरिनेछ ।

## सूचना तथा सञ्चार सम्बन्धी नीति तथा कार्यक्रमः

१. सञ्चार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गरी गाउँपालिकाको निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाईनेछ ।
२. गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने सूचना स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन, सामजिक सञ्जाल, वेबसाइट र एफ. एम. रेडियो मार्फत प्रसारण गरिनेछ।
३. विज्ञापन तथा सूचनामा स्थानीय सञ्चारमाध्यमहरुलाई प्राथमिकता दिइनेछ।
४. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।

## न्याय, कानुन तथा मानव अधिकार प्रवर्धन सम्बन्धी नीति तथा कार्यक्रमः

१. न्यायिक समितिको अधिकार क्षेत्रभित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।
२. न्यायीक समितिलाई विवाद र मुद्दारहित बनाउन के कारणले मानिसहरु झगडा मुद्दा गर्छन र मुद्दामा गर्दा दुवै पक्षलाई के कस्ता सामाजिक, आर्थिक असर पर्दछ भन्ने जस्ता उदाहरण सहित जनचेतनामूलक सडक, बजार र स्कूल नाटक सञ्चालन गरिने छ ।

जय तुम्बेवा

बाबुराम खड्का
अध्यक्ष

३. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

४. गाउँ सभाबाट हालसम्म निर्माण भएका ऐन, कानुनहरुलाई संग्रहित गरी स्थानीय कानुन संग्रह प्रकाशन गरिनेछ।

५. मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन र प्रवर्धनको लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरी प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६. न्याय सम्पादनको कार्यलाइ थप व्यवस्थित गर्न यस सम्बन्धी सम्पूर्ण प्रक्रियालाई डिजिटल जस्टिस सिस्टम तयार गरी लागु गरिनेछ ।

## सुशासन सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रमः

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यावसाय, सामाजिक, आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय पार्श्व चित्र (Digital Profile) तयार गरिनेछ।

२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणालीकै माध्यमबाट गर्ने गरी नागरिक गुनासो व्यवस्थापन प्रणाली तयार गरी लागु गरिनेछ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकी बक्यौता र पेश्की बेरुजुको लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अघि बढाईनेछ ।

४. गाउँपालिकाले आवश्यकता अनुसार परामर्शदाताहरुको खोजी गरी शिक्षा, स्वास्थ्य, कृषि पशुपन्छी, भाषा, संस्कृति लगायतका विषयमा प्रभावकारीता ल्याउनको लागि विज्ञ समितिको गठन गरी त्यसबाट परामर्श सेवा लिइने नीति अवलम्बन गरिनेछ।

५. गाउँपालिका अन्तर्गत मानव संशाधन पर्याप्त नभएका निकायमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई अवलम्बन गरिनेछ ।

७. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शीता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिनेछ ।

८. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर प्रयोग गरी कागज विहिन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

तुम्बेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवा, पाँचथर कोशी प्रदेश नेपाल २०७३

अध्यक्ष

जय तुम्बेवा

९. गाउँपालिकाको सेवा प्रवाहलाई व्यवस्थित, पारदर्शी तथा सम्पूर्ण नागरिक समक्ष पुर्याउन मोवाइल एप्स, नागरिक बडापत्र, सूचना र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।

१०. गाउँपालिका अन्तर्गका कर्मचारीहरुको उत्प्रेरणाको लागि संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकको रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सेवासुविधा प्रदान गर्ने नीति लिइनेछ।

११. गाउँपालिकाको सुरक्षालाई चुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

१२. आधारभूत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१३. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१४. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१५. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरु सँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति अवलम्बन गरिनेछ।

## वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

## खानेपानी तथा सरसफाई सम्बन्धी नीति तथा कार्यक्रमः

१. खानेपानी समस्याको तत्कालीन, अल्पकालीन र दीर्घकालीन समाधानको लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको सहज आपूर्तिको व्यवस्था मिलाइनेछ ।

२. गाउँपालिका क्षेत्रका मुख्य बजारहरुको फोहोर व्यवस्थापनको लागि उपयुक्त फोहोर व्यवस्थापन स्थलको व्यवस्था गरिनेछ ।

३. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली बनाई सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

४. विभिन्न सामाजिक संघ संस्थाहरु सँग फोहोर सङ्कलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति अवलम्बन गरिनेछ।

५. फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्णरुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई कानुन बमोजिम जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति अवलम्बन गरिनेछ।

६. प्लाष्टिकजन्य फोहोर नियन्त्रण तथा न्यूनीकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

७. गाउँपालिका क्षेत्रका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा सञ्चालन गरिनेछ ।

जय तुम्बेवा

बाबुराम खडका
अध्यक्ष

## वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रमः

१. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पर्ने असर न्यूनीकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।
२. "हरियाली तुम्बेवा" अभियान अन्तर्गत खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्धन तथा वनको संरक्षण गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ।
३. पोखरी संरक्षण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ ।
४. उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।
५. विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद् पूर्वतयारी, विपद् न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ व्यवस्थित र प्रभावकारी वनाइनेछ ।
६. ढुङ्गा, गिट्टी र बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवम् अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

७. भूकम्पीय जोखिम न्यूनिकरणको लागि भूकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
८. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।
९. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनःउत्थान कार्यक्रमहरु सञ्चालन गरिनेछ।
१०. विपद्बाट पीडित विपन्न परिवारलाई आर्थिक सहायता तथा तत्काल राहत वितरणको लागि कार्यविधि बनाई आर्थिक सहायता तथा राहत वितरण गरिनेछ ।

## भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रमः

१. आवधिक योजना, आवास योजना र बस्ती विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
२. पूर्वाधार निर्माणका आयोजनाहरु सञ्चालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहीकरणमा ल्याउने नीति लिइनेछ।

तुम्बेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवा, पाँचथर कोशी प्रदेश नेपाल २०७३

जय तुम्बेवा

बाबुराम खड्का
अध्यक्ष

३. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी बस्ती विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा बस्ती विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

४. दीर्घकालीन लगानी मार्गदर्शनका लागि गाउँपालिकाले सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

५. गाउँपालिका क्षेत्रभित्र एकिकृत बस्ती विकास योजना तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ ।

६. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

७. विगत देखिका निर्माणाधीन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

८. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श सेवा दिइनेछ।

९. राष्ट्रिय तथा प्रादेशिक भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई अवलम्बन गरिनेछ।

१०. गाउँपालिका क्षेत्रभित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ।

११. गाउँपालिका भित्र भू-उपयोग नीति तयार गरी लागु गरिनेछ।

१२. गाउँपालिका भित्रका अस्तव्यस्त सडकको लागि ५.२५ मिटिर न्यूनतम मापदण्ड कायम गरी सडक समस्यालाई समाधान गरिनेछ।

१३. गाउँपालिका अन्तर्गतका सबै वडा केन्द्रका बजार क्षेत्रमा क्रमश ढलान गर्दै लगिनेछ ।

१४. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार गरिनेछ ।

१५. गाउँपालिकाको मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।

१६. गाउँपालिका क्षेत्रभित्र निर्माण भएका पूर्वाधारका संरचनाको लगत तयार, अद्यावधिक तथा मुल्याङ्कन गरिनेछ ।

१७. गाउँपालिकाको प्रशासकीय भवनको आसपासमा रहेको गाउँपालिकालाई आवश्यक जग्गा प्राप्तिको लागि आवश्यक पहल गरिनेछ ।

१८. खानेपानी एवं सिचाइ व्यवस्थापनको लागि आवस्यक्तानुसार मोटर खरिद गर्ने व्यवस्था मिलाइनेछ ।

अध्यक्ष

## राजस्व तथा आन्तरिक श्रोत परिचालन सम्बन्धी नीति तथा कार्यक्रमः

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।
२. आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार सँग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।
३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशील कर प्रणाली अवलम्बन गरी नागरिकहरु विच रहेको असमानता न्यूनीकरण गर्दै लगिनेछ।
४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिको लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।
५. ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।
६. करदाता अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
७. कर प्रशासनलाई सूचना, प्रविधि एवं करदातामैत्री बनाइनेछ ।

**गाउँ सभा सदस्यज्यूहरु**

आर्थिक वर्ष २०८०/०८१ को लागि तयार गरिएको नीति तथा कार्यक्रमले समृद्ध, सबल र न्यायपूर्ण गाउँपालिका निर्माण गर्ने सङ्कल्पलाई सार्थक बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु । यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट उत्पादन, उत्पादकत्व र रोजगारिमा वृद्धि भई स्वाधीन, सबल र समुन्नत गाउँपालिका निर्माण गर्न योगदान पुग्ने र नागरिकले छिटोछरितो गुणस्तरीय सेवा प्राप्त गरी सकारात्मक परिवर्तनको आभास गर्ने अपेक्षा लिएको छु साथै गाउँपालिकावासी आम नागरिकको जीवनस्तरमा अपेक्षित उपलब्धी प्राप्त गर्न यो नीति तथा कार्यक्रम कोशेढुङ्गो सावित हुने विश्वास समेत लिएको छु ।

अन्त्यमा-

गाउँ सभाका सदस्यहरु, राष्ट्रसेवक कर्मचारी तथा सम्पूर्ण गाउँपालिकावासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आर्थिक वर्ष २०८०/०८१ को लागि यो नीति तथा कार्यक्रम पेश गरेको छु ।

धन्यवाद

बाबुराम खड्का
अध्यक्ष

जय तुम्बेवा